नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग



# नोटबुक


The Fleming Fund

UKaid from the British people

fhi360

Group for Technical Assistance ESTD. 2055




**थप जानकारीका लागि**

**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**पशु सेवा विभाग**

हरिहरभवन, ललितपुर

dg@dls.gov.np

# नेपालमा कुखुरापालनको परिचय

नेपालमा कुखुरापालन एउटा महत्वपूर्ण कृषि व्यवसाय हो, जसले ग्रामीण तथा शहरी दुवै क्षेत्रमा रोजगारी सिर्जना गर्नुका साथै खाद्य सुरक्षामा ठूलो योगदान पुर्‍याएको छ। विगत केही दशकमा आधुनिक प्रविधि र व्यवस्थापन अपनाएपछि यो क्षेत्र तीव्र रूपमा विस्तार भएको छ। विशेषगरी, ब्रोइलर (मासुका लागि) र लेयर्स (अण्डाका लागि) कुखुरापालन व्यसाय गरिन्छ। चितवनलाई नेपालकै "Poultry Hub" भनेर चिनिन्छ।

नेपालमा कुखुरा पालन मुख्यत: व्यावसायिक र परम्परागत (गाउँमै साना स्तरमा पालिने) गरी दुई किसिमका छन्। ग्रामीण भेगमा किसानहरूले परम्परागत रूपमा लोकल जातका कुखुरा पाल्ने गर्छन्, जसले मासु र अण्डा उत्पादनमा उल्लेख्य योगदान पुर्‍याउँछ।

यद्यपि, यो क्षेत्रमा रोग नियन्त्रण, उचित पोषण र एन्टिबायोटिकको उचित प्रयोग जस्ता चुनौतीहरू छन्। पछिल्ला वर्षहरूमा एन्टिबायोटिकको न्यून प्रयोग र वैकल्पिक पोषण प्रविधिहरूको प्रयोगले कुखुरापालनलाई अझ व्यवस्थित बनाउने प्रयास भइरहेको छ। सरकारी तथा गैरसरकारी संस्थाहरूले गुणस्तरीय चल्ला उत्पादन, उचित खोप कार्यक्रम र कुखुरा पालन प्रविधि सुधार गर्न विभिन्न तालिम तथा सहयोग कार्यक्रम सञ्चालन गरिरहेका छन्।

सफल कुखुरापालन गर्न जैविक सुरक्षा, चल्लाको गुणस्तर, दाना पानीको गुणस्तर, फार्मको व्यवस्थापन, खोरको बनावट र मासुको बजारीकरणको अहम भूमिका हुन्छ। यस्ता तत्वहरूको उचित व्यवस्थापन गर्न नसकेको अवस्थामा फार्ममा बिभिन्न रोगहरू फैलिएर कुखुरापालन व्यवसायमा संकटमा पर्न सक्छ। नेपालको ब्रोइलर पालनमा देखिएका मुख्य रोगहरु कोलिब्यासिलोसिस (इ. कोलाइ),सि.आर.डि., रानीखेत, गम्बारो, बर्ड फ्लु, कक्सिडियोसिस आदि छन् जसको बारेमा सामान्य विवरण यस पुस्तिकामा समेटिएको छ।

# कोलिब्यासिलोसिस (इ. कोलाइ)

## परिचय

कोलिब्यासिलोसिस इ. कोलाइ (*E. coli*) जिवाणु बाट हुने संक्रमण हो, जुन सामान्यतया मानिस र पशुपन्छी दुवैको आन्द्रामा पाइन्छ। धेरै प्रकारका इ. कोलाइ हानिकारक नभएता पनि, केहीले कुखुरामा गम्भीर संक्रमण निम्त्याउन सक्छ। यो रोग संक्रमित पानी, दाना, सोत्तर तथा खोर, संक्रमित ह्याचरी र दूषित हावाबाट सर्दछ।

## लक्षणहरू



- दाना खान कम गर्ने
- चल्लामा अण्डा नपच्ने, पेट सुन्निएर साह्रो हुने
- एकै ठाउँमा थुप्रिएर बस्ने
- श्वास फेर्न गाह्रो हुने, छिक्ने
- पातलो सुली छेर्ने
- खुट्टा सुक्दै जाने

## उपचार

- पशु चिकित्सक एवं पशु स्वास्थ्यकर्मीको सल्लाह बमोजिम एन्टिबायोटिकको प्रभावकारिता परीक्षण (Antibiotic Sensitivity Test) गरी उपयुक्त एन्टिबायोटिक प्रयोग गर्ने र पानीको अम्लियता बढाउने (Water acidifier) औषधि र प्रोबायोटिक (Probiotic) प्रयोग गर्ने।

## रोकथाम तथा नियन्त्रण

- सफा पानी दिने, पानी शुद्धिकरण गर्ने औषधि प्रयोग गर्ने
- दाना पानीको भाडाँ सफा राख्ने, इनार सफा गर्ने, पाइपलाइन सफा गर्ने
- खोर ओभानो राख्न र एमोनिया ग्यास कम गर्न खोर खुल्ला राख्ने
- जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्ने

# सि.आर.डि.

## परिचय

सि.आर.डि. रोग माइकोप्लाज्मा नामक जिवाणुबाट कुखुरामा लाग्ने एक संक्रामक रोग हो। यो रोगले विशेष गरी श्वासप्रश्वास प्रणालीमा असर गर्दछ। यो रोग खोरभित्र र बाहिरको वातावरणबाट सर्न सक्छ र संक्रमित माउ कुखुराबाट उत्पादन भएका चल्लामा समेत संक्रमण देखिन सक्छ।

## रोगको जोखिम बढाउने कारणहरू

- सानो खोरमा धेरै संख्यामा कुखुरा राखिएमा
- खोरभित्र धुलो धुँवा भएमा
- खोरमा पर्याप्त भेण्टिलेसन नभएमा वा अत्यधिक चिसो भएमा

## लक्षणहरू



- दानापानी खान कम गर्ने
- श्वास फेर्न कठिनाइ हुने र घ्यारघ्यार आवाज आउने
- टाउको र आँखा सुन्निने
- आँखा र नाकबाट पातलो वा बाक्लो पानी बग्ने

## उपचार



- पशु चिकित्सक एवं पशु स्वास्थ्यकर्मीको सल्लाह बमोजिम एन्टिवायोटिक प्रयोग गर्ने
- रोग प्रतिरोधात्मक क्षमता बढाउने औषधि प्रयोग गर्ने

## रोकथाम तथा नियन्त्रण

- संक्रमित ब्रिडिङ् फार्मबाट चल्ला खरिद नगर्ने
- खोरभित्र पर्याप्त हावाको संचार र बस्नको लागि पर्याप्त स्थान दिने
- खोरभित्र धुलो धुँवा हुन नदिने
- जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्ने

The Fleming Fund
UKaid from the British people
fhi360
GROUP FOR TECHNICAL ASSISTANCE GTA ESTD. 2055

# रानीखेत (Newcastle Disease, ND)

## परिचय

रानीखेत रोग, जसलाई न्युक्यासल रोग पनि भनिन्छ, नेपाल लगायत विश्वभरका पन्छीलाई असर गर्ने अत्यधिक मृत्युदर भएको एक संक्रामक भाइरल रोग  हो। यो मुख्यतया संक्रमित ब्रोइलरसँगको प्रत्यक्ष सम्पर्क वा दाना, उपकरण वा लुगा जस्ता संक्रमित सामग्रीहरूबाट फैलिन्छ। यो रोगले विशेष गरी श्वासप्रश्वास प्रणाली, स्नायु प्रणाली र पाचन प्रणालीमा असर गर्दछ।



## लक्षणहरू

- एकै पटक धेरै संख्यामा कुखुरा मर्ने
- हरियो पातलो छेर्ने
- खोक्ने, घ्यारघ्यार गर्ने
- टाउको सुन्निने
- पखेटा, खुट्टा र टाउकोको पक्षाघात हुने



## उपचार

- यो रोगको कुनै ठोस उपचार छैन
- रोगको संक्रमण तथा मृत्युदरलाई कम गर्न पशु चिकित्सक एवं पशु स्वास्थ्यकर्मीको सल्लाह बमोजिम औषधि प्रयोग गर्ने

## रोकथाम तथा नियन्त्रण

- तालिका बमोजिम रानिखेत विरूद्ध खोप दिने
- खोरमा विषाणुको संख्या कम गर्न नि:संक्रामक औषधि प्रयोग गर्ने
- जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्ने

The Fleming Fund
UKaid from the British people
fhi360
GROUP FOR TECHNICAL ASSISTANCE GTA ESTD. 2055

# गम्बारो (Infectious Bursal Disease, IBD)

## परिचय

गम्बारो रोग एक तीक्ष्ण, अत्यधिक संक्रामक भाइरल रोग हो। यो रोगले मुख्यतया ३ देखि ५ हप्तासम्मको कुखुरालाई असर गर्छ। यो रोगमा कुखुराको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुन्छ र अन्य रोगहरूको संक्रमण हुने सम्भावना हुन्छ। यो रोग मुख्यतया संक्रमित कुखुरासँगको प्रत्यक्ष सम्पर्क, श्वासप्रश्वास, दानापानी तथा खोरमा प्रयोग भएका उपकरण वा लुगा जस्ता दूषित सामग्रीहरूबाट फैलिन्छ।

## लक्षणहरू

- प्वाँख ठाडो हुने, गुजुमुजु हुने
- झोक्राएर बस्ने
- ज्वरो आएर काम्ने
- सेतो सुली छेर्ने
- आफ्नै मलद्वारमा ठूँङ्गने



## उपचार

- यो रोगको कुनै ठोस उपचार छैन
- रोगको संक्रमण तथा मृत्युदरलाई कम गर्न पशु चिकित्सक एवं पशु स्वास्थ्यकर्मीको सल्लाह बमोजिम अन्य औषधि प्रयोग गर्ने

## रोकथाम तथा नियन्त्रण

- तालिका बमोजिम खोप दिने
- जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्ने
- खोरमा विषाणुको संख्या कम गर्न नि:संक्रामक औषधि प्रयोग गर्ने

The Fleming Fund
UKaid from the British people
fhi360
GROUP FOR TECHNICAL ASSISTANCE GTA ESTD. 2055

# बर्ड फ्लु

## परिचय

बर्ड फ्लु रोग कुखुरामा लाग्ने उच्च मृत्यदर भएको अति संक्रामक विषाणुजन्य रोग हो। यो रोग मुख्यतया संक्रमित कुखुरासँगको प्रत्यक्ष सम्पर्क, उनीहरूको सुली, दानापानी र भाँडाकुँडाबाट फैलिन्छ। कतिपय अवस्थामा, संक्रमित कुखुरासँग नजिकको सम्पर्कबाट पनि यो रोग मानिस वा अन्य जनावरहरूमा सर्न सक्छ।



## लक्षणहरू

- लक्षण बिना अचानक मृत्यु हुने
- दानापानी खान कम गर्ने
- खोक्ने तथा हाच्छिउँ गर्ने, घ्यार घ्यार गर्ने
- टाउको सुनिने
- सिउर, लोती सुन्निने र निलो तथा रातो हुने
- खुट्टामा रक्तश्राव हुने



## उपचार

- यो रोगको कुनै ठोस उपचार छैन
- रोग संक्रमण भएको पुष्टि भएमा वर्ड फ्लु नियन्त्रण नियमावली २०७८ अनुसार बर्ड फ्लु नियन्त्रण सम्बन्धी कार्य गर्न सरकारलाई सहयोग गर्ने

## रोकथाम तथा नियन्त्रण

- घरेलु पन्छी र जंगली पन्छीहरू बीच सम्पर्क हुन नदिने
- जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्ने
- रोगको शंका लागेमा नजिकैको पशु सेवा शाखा वा पशु सेवा हेर्ने सरकारी निकायमा तुरून्त रिपोर्टिङ गर्ने

The Fleming Fund
UKaid from the British people
fhi360
Group for Technical Assistance GTA ESTD. 2055

# कक्सिडियोसिस

## परिचय

कक्सिडियोसिस प्रोटोजोवा परजीवीबाट कुखुरामा लाग्ने रोग हो। यो रोगले विशेष गरी ३ देखि ५ हप्ताको कुखुरालाई बढी असर गर्दछ। यो रोग संक्रमित सुलीबाट निस्कने अण्डा (उसिस्ट) को माध्यमबाट सर्छ। कुखुराले दूषित दाना पानी, वा वातावरणबाट सिधै उसिस्टहरू खान सक्छन्। सोत्तर भिजेमा यो रोगका किटाणुहरु फस्टाउन मद्दत गर्छ र रोगको संक्रमण बढाउछ। यो रोगले विशेषगरि कुखुराको सानो तथा ठूलो आन्द्रामा क्षति पुऱ्याउँछ।



## लक्षणहरू

- झोक्राएर बस्ने
- रौँ ठाडो पारेर बस्ने
- आँखा चिम्म गर्ने
- रगत मिसिएको सुली छेर्ने
- रक्तअल्पता हुने



## उपचार

- पशु चिकित्सक एवं पशु स्वास्थ्यकर्मीको सल्लाह बमोजिम एन्टिकक्सिडियल (Anti-coccidial) औषधि प्रयोग गर्ने

## रोकथाम तथा नियन्त्रण

- सोत्तरमा पानी नपोख्ने वा पानी पोखिएमा उक्त सोत्तर तुरून्त हटाउने
- खोरलाई ओभानो राख्ने
- पर्याप्त हावाको संचार गराउने
- जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्ने

The Fleming Fund
UKaid from the British people
fhi360
Group for Technical Assistance GTA Estd. 2055

# कुखुराको आधारभूत अभिलेखको नमुना

खोर नं: ..........................................................................................

चल्ला राखेको मिति :.....................................................................................

चल्लाको संख्या: ..........................................................................................

ह्यचरीको नाम: ..............................................................................................

दाना कम्पनीको नाम: .....................................................................................

दाना चल्ला सप्लायरको नाम: ...........................................................................

एक दिने चल्लाको औसत तौल: ..........................................................................

## दैनिक व्यवस्थापनको अभिलेख

| मिति | उमेर (दिन) | जम्मा कुखुरा | मृत्यु | बाँकी कुखुरा | दाना खपत (के जी) | पानी खपत (लि) | खोप / औषधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## आगन्तुकको अभिलेख

| मिति | नाम | संस्था | फोन नं | प्रयोजन | आएको समय | गएको समय | सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## दानाको अभिलेख

| मिति | दाना कम्पनी | आएको दाना परिमाण (बोरा) | दानाको प्रकार | खपत दाना परिमाण (बोरा) | बाँकी दाना परिमाण (बोरा) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |